बैठक संख्या : ०३

आज मिति २०८२ साल भाद्र ०२ गते सोमवार विहान ११:०० बजे विहादी गाउँपालिकाका अध्यक्ष श्री परविन गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक गाउँकार्यपालिकाको बैठक कक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति :**

| | |
|---|---|
| श्री परविन गुरुङ | अध्यक्ष |
| श्री मिना शर्मा तिवारी | उपाध्यक्ष |
| श्री चित्र बहादुर गुरुङ | सदस्य |
| श्री गणेश शर्मा पौडेल | सदस्य |
| श्री गणेश प्रसाद पराजुली | सदस्य |
| श्री विष्णु प्रसाद भुसाल | सदस्य |
| श्री खिम बहादुर थापा | सदस्य |
| श्री मन बहादुर बस्याल | सदस्य |
| श्री सविता गुरुङ | सदस्य |
| श्री विस्नु भुसाल | सदस्य |
| श्री यमकला नेपाली | सदस्य |
| श्री कमला कुमारी परियार | सदस्य |
| श्री तुलसी कुमारी सुनार | सदस्य |
| श्री माया वि.क. | सदस्य |
| श्री थमन बहादुर रेश्मी | सदस्य सचिव |

**अन्य उपस्थिति :**

| | |
|---|---|
| श्री हरि प्रसाद भुसाल | जनस्वास्थ्य अधिकृत |
| श्री सुरेन्द्र पोखरेल | सहायक लेखा अधिकृत |
| श्री सन्तोष सुवेदी | सहायक कम्प्यूटर अधिकृत |

**निर्णय नं १ :** प्रदेश लोकसेवा आयोग, गण्डकी प्रदेश, पोखराको च.नं. ६०, मिति २०८२।०४।२१ गतेको सिफारिस पत्रानुसार यस विहादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा स्थानीय कृषि सेवा, कृषि समुह, अधिकृत सातौँ तह, कृषि अधिकृत पदमा सिफारिस भई आउनुभएका देहाय बमोजिमका कर्मचारीलाई गण्डकी प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम २८ बमोजिम मिति २०८१।०५।०१ गतेदेखि ज्येष्ठता कायम हुने गरि स्थायी नियूक्ति दिने निर्णय गरियो ।

**<u>देहाय :</u>**

| क्र.स. | नाम थर | ठेगाना | सेवा | समूह | तह | पद |
|---|---|---|---|---|---|---|
| १ | साजन लामिछाने | मोदी गा.पा. ६, पर्वत | स्थानीय कृषि | कृषि | सातौँ | कृषि अधिकृत |

**निर्णय नं. २ :** विहादी गाउँपालिकाले निर्माण गरेका कार्यविधिहरुमा भएको व्यवस्था र सुत्र राजश्व मोड्यूलमा गरिएको व्यवस्था फरक पर्न गएकोले विहादी गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७७ को तेस्रो पटक संशोधन प्रस्ताव र विहादी गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७ मा दोस्रो पटक संशोधन प्रस्ताव स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** २०८२ साल भाद्र ३१ गते परेको विश्व ओजनतह बचाउ दिवसको अवसरमा घरपझोङ गाउँपालिका मुस्ताङले आयोजना गरेको जलवायु सम्बन्धी कार्यक्रम विहादी गाउँपालिकाले **"जल, जमिन र जंगल हाम्रो सम्पत्ति, जलवायु सन्तुलन हाम्रो जिम्मेवारी"** भन्ने नाराका साथ मनाउने निर्णय गरियो ।